"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"
धरान उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
DHARAN SUB-METROPOLITAN CITY
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सुनसरी, १ नं. प्रदेश, नेपाल
Sunsari, Province No. 1, Nepal
शिक्षा युवा तथा खेलकुद महाशाखा / शाखा / उपशाखा

पत्र संख्या :-
चलानी नं. :- ४२५३

मितिः २०७८।११।२२

**विषयः** :कार्यक्रम माग गर्ने सम्बन्धमा ।

श्री सबै सामुदायिक विद्यालयहरु
धरान उपमहानगरपालिका, सुनसरी ।

प्रस्तुत विषयमा नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत आ.व. २०७८।७९ को वार्षिक कार्यक्रम अनुसार स्थानीय तहबाट सम्पादन हुने ससर्त अनुदानका कार्यक्रमहरु तर्फ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान प्राप्त भएकोमा सो अन्तर्गत देहायका कार्यक्रमहरु आवश्यक भएका विद्यालयहरुले प्रस्ताव सहितको माग पत्र मिति २०७८/१२/०६ गते भित्र धरान उपमहानगरपालिका, शिक्षा युवा तथा खेलकुद महाशाखामा पेस गर्नु हुन निर्णयानुसार अनुरोध छ ।

**कार्यक्रमहरु:**

१. माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन( प्रति विद्यालय रु ६ लाख ५० हजार)
२. माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना( प्रति विद्यालय रु ६ लाख ५० हजार)
३. शिक्षण सिकाईमा ICT को प्रयोग(कम्प्युटर, इन्टरनेट, कनेक्टिभिटी इक्युपमेन्टस तथा Kits खरिद) ( प्रति विद्यालय रु ६ लाख ५० हजार)
४. तोकिएको सूचकांकका आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान( प्रति विद्यालय रु ५० हजार)
५. शिक्षकको शिक्षण सिकाईमा बिताउने समयावधि सुधार योजना कार्यान्वयनका लागि विद्यालयलाई अनुदान( प्रति विद्यालय वार्षिक रु २ हजार)
६. नमूना विद्यालयमा कार्य सम्पादन करारका आधारमा प्रअ र शिक्षकका लागि विद्यालय मार्फत प्रोत्साहन अनुदान (नमूना विद्यालयका लागि रु २ लाख)
७. नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान (नमूना विद्यालयका लागि रु ५० लाख)

पुनश्चः

*क. तोकिएको सूचकांकका आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदानका लागि विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ मा उल्लिखित कार्य सम्पादन मूल्याङ्कन सूचकका आधारमा प्रस्ताव पेस गर्ने।*

"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"
# धरान उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## DHARAN SUB-METROPOLITAN CITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
सुनसरी, १ नं. प्रदेश, नेपाल
Sunsari, Province No. 1, Nepal

शिक्षा, युवा तथा खेलकुद महाशाखा / शाखा / उपशाखा

पत्र संख्या :-

चलानी नं. : ५२५३

ख. शिक्षकको शिक्षण सिकाईमा विताउने समयावधि सुधार योजना कार्यान्वयनका लागि विद्यालयहरुले अनुदान माग गर्दा शिक्षण सिकाई समय मापन/ कार्यान्वयन कार्यविधि २०७४ लागु गर्ने निर्णय विद्यालय व्यवस्थापन समितिबाट भइ आउनु पर्नेछ । दुवै निर्देशिका तथा कार्यविधि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइट www.doe.gov.npमा उपलब्ध छ ।

ग. विज्ञान प्रयोगशाला, पुस्तकालय र ICT को कार्यक्रम स्थानीय तहका सबै माध्यमिक तहका विद्यालयहरुले विगत वर्षहरुमा एक पटक पाइसकेको भए उच्च विद्यार्थी संख्या भएको अनुमतिले पुरानो क्रममा रहेको आधारभूत तह कक्षा १-८ सञ्चालित विद्यालयहरुलाई अनुदान उपलब्ध गराइने छ ।

११।२२

मनोज भट्टराई
अधिकृत छैठौं

बोधार्थ:

श्री नगर प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिका : जानकारीका लागि ।
श्री नगर उप-प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिका : जानकारीका लागि ।
श्री सूचना शाखा, धरान उपमहानगरपालिका– पत्र **Website** मा राखिदिनु हुन ।

कार्यालय: ०२५-५७०६३६, ५७०८१३, ५७०४०७, प्रमुख: ५७०१०९, उप-प्रमुख: ५७५४९०, प्र.प्र.अ.: ५७०२७९, प्रशासन: ५७११९१, आर्थिक प्रशासन: ५७१५११,
सुचना, राजस्व: ५७१५०१, भण्डार/खरिद: ५७१५०३, वारुण यन्त्र: ५७०११९
E-mail: info@dharan.gov.np, Website: http://www.dharan.gov.np